# काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७

स्थानीय राजपत्रमा प्रकाशित मिति
२०७७।११।९

**प्रस्तावना** : सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भइ काठमाडौं महानगरपालिकामा कामकाज गर्न खटिएपश्चात साबिकको महानगर सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएको कारण काठमाडौं महानगरपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्वत् २०७४ सालदेखि विज्ञापन र बढुवा नहुँदा महानगर सेवाका कर्मचारीहरुको वृत्ति विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधार मानी महानगर सेवामा कार्यरत रहेका र अन्य स्थानीय तहबाट सरुवा भइ महानगरपालिकामा पदस्थापन भएका कर्मचारीहरुको समायोजन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौं महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कर्मचारी"** भन्नाले तत्कालीन स्थानीय निकायको रुपमा रहेको काठमाडौं महानगरपालिकाको स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायबाट समायोजन नभई काठमाडौं महानगरपालिकामा पदस्थापन भएका यो ऐन जारी हुँदाकाबखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले काठमाडौं महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"तोकिएको" वा "तोकिएबमोजिम"** भन्नाले यस ऐन र महानगरपालिकाले समयसमयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) **"नगर सभा"** भन्नाले काठमाडौं महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **“महानगर सेवा”** भन्नाले काठमाडौं महानगरपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(छ) **“महानगरपालिका”** भन्नाले काठमाडौं महानगरपालिकालाई सम्झनु पर्छ ।

(ज) **“स्थानीय कानुन”** भन्नाले काठमाडौं महानगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

३. **महानगर सेवाका कर्मचारी समायोजन गर्ने** : (१) साबिकको स्थानीय निकायको रुपमा महानगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई महानगरपालिकामा सरुवा, पदस्थापन भएका र यो ऐन जारी हुदाँका बखत महानगरपालिकामा कार्यरत महानगर सेवाका कर्मचारीहरुको समायोजन गरिने छ ।

(२) उपदफा (१) बमोजिम महानगर सेवाका कर्मचारीहरुको समायोजन देहायबमोजिम हुनेछ :–

| क.स | साबिकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | सहायकस्तर द्वितीय | सहायकस्तर तृतीय | कनिष्ठ सहायक | |
| २. | सहायकस्तर तृतीय | सहायकस्तर चौंथो | सहायक | |
| ३. | सहायकस्तर चौंथो | सहायकस्तर पाँचौं | वरिष्ठ सहायक | |
| ४. | सहायकस्तर पाँचौं | अधिकृतस्तर छैठौं | अधिकृत | |
| ५. | अधिकृतस्तर छैठौं | अधिकृतस्तर सातौं | सहायक निर्देशक | |
| ६. | अधिकृतस्तर | अधिकृतस्तर | उपनिर्देशक | |

| | | | | |
|---|---|---|---|---|
| | सातौं | आठौं | | |
| ७. | अधिकृतस्तर आठौं | अधिकृतस्तर नवौं | निर्देशक | |

(३) उपदफा (२) बमोजिमको पद नाममा सम्बन्धित सेवा वा समूह जनाई पद नाम कायम हुने छ ।

(४) सहायकस्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालकोस्तरमा एकस्तर वृद्धि हुने छ ।

(५) यस दफाबमोजिम महानगर सेवाका कर्मचारी समायोजन गर्दाकायम हुने तलब निजले साबिकमा खाइपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिने छ ।

(६) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्ने छन् । गणना हुने जेष्ठताको आधार लिई समायोजन हुनुपूर्व अवधिको तलब तथा भत्ताहरु दाबी गर्न पाइने छैन ।

४. **समायोजनको पत्र दिने :** (१) यस ऐनबमोजिम समायोजन भएपश्चात महानगर सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइने पत्र अनुसूची-१ बमोजिमको हुनेछ ।

५. **पदस्थापन गरिने :** यस ऐनबमोजिम समायोजन भएपश्चात महानगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दी पुनरावलोकनले निर्धारण गरेबमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

६. **समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा :** यस ऐनबमोजिम समायोजन भएका महानगर सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा स्थानीय कानुनले तोकेबमोजिम हुनेछ ।

७. **पुल दरबन्दीसम्बन्धी व्यवस्था :** दफा ३ बमोजिम समायोजन भएका महानगर सेवाका कर्मचारीहरुलाई समायोजनपश्चात पदस्थापन गर्नुअघि स्वतः पुल दरबन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

८. **जेष्ठताको गणना :** (१) यस ऐनबमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपूर्वको तहमा काम गरेको अवधिलाई समायोजन भईकायम हुने पदका लागि गणना गरिने छ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भए तापनि समायोजनपश्चातको पद बमोजिमको सेवा सुविधा भने यो ऐन जारी भएपश्चात मात्र लागु हुनेछ ।

९. **आवश्यक व्यवस्था मिलाउने :** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्ने छ ।

## अनुसूची-१

**दफा ४ को उपदफा (२) सँग सम्बन्धित**

**समायोजन पत्र**

पत्र सख्या :

चलानी नं.

मिति..................

श्री ............

...............

कर्मचारी संकेत नम्बर

विषयः **समायोजन गरिएको सम्बन्धमा** ।

कर्मचारी समायोजन ऐन, २०७५ र काठमाडौं महानगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ बमोजिम ............................ देखि जेष्ठता गणना हुने गरी तपाईंलाई काठमाडौं महानगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| साबिकको विवरण | समायोजनपछिको विवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समूह : | पद :<br>तह :<br>सेवा :<br>समूह : |

................................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा ।

श्री प्रदेश लोकसेवा आयोग, हेटौंडा ।

श्री कर्मचारी सञ्चय कोष, ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री वित्त विभाग, काठमाडौं महानगरपालिका ।